आज मिति २०७७/०५/२८ गते आइतबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो।

उपस्थितिः

| नामथर | पद |
| --- | --- |
| श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री सुदर्शन पौडेल | नि. प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्म्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिन नामगेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङ्गो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवी गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छीरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थितिः

| | |
| --- | --- |
| शिव खड्का | शिक्षा अधिकृत |
| खगेन्द्र बोहरा | अ.हे.व. |

**प्रस्तावहरुः**

**प्रस्ताव नं. १ अवलोकेश्वर चेरेसिक पार्क निर्माण योजना स्विकृती तथा लागत सहभागिता प्रतिबद्धता सम्बन्धमा ।**

**प्रस्ताव नं. २ कागबेनी प्रहरी चौकिलाइ जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ १५ सैयाको कागबेनी अस्पताल निर्माणको लागि जग्गा उपलब्ध गराउनेलाइ धन्यवाद ज्ञापन तथा सरकारी जग्गा कागबेनी अस्पताल लाइ उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ विद्यालय भवन निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ५ विद्यालय शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।

प्रस्ताव नं. ६ शिक्षकहरु विद्यालयमा ल्याउने सम्बन्धमा ।

प्रस्ताव नं. ७ जडिबुटी र जीवजन्तु कर सम्बन्धमा ।

प्रस्ताव नं. ८ ५ बेडको कोभिड-१९ अस्थाइ अस्पताल संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ९ शव व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नं. १० क्वारेन्टाइन तथा आइसोलेशन सम्बन्धमा ।**
**प्रस्ताव नं. ११ चेकको म्याद थपगर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं. १२ कागबेनी खानेपानी झोङ खानेपानी, ताङ्वे खानेपानी र शाङ्ता खानेपानी को स्रोतमा विवाद नरहेको सम्बन्धमा ।**
**प्रस्ताव नं. १३ कोभिड- १९ रोकथाम तथा नियन्त्रणको लागि सुरक्षाका सामाग्रि बितरण सम्बन्धमा ।**
**प्रस्ताव नं. १४ उपभोक्ता समिति गठन सम्बन्धमा ।**
**प्रस्ताव नं. १५ प्राकृतिक विपदबाट क्षति भएका झोङ सिंचाई कुलो र खिंगा सिंचाई कुलो मर्मत भुक्तानि दिने सम्बन्धमा ।**

निर्णयहरु:

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय बाट पर्यटन पुर्वाधार तथा पर्यटन उपज विकास साझेदारी आयोजना प्रस्ताव आह्वान गरिएकोले यस गाउँपालिकाबाट वडा नं. ४ सेर्थाङ स्थित चौरमा ४०००००००० (चार करोड लाख) को अवलोकेश्वर चेरैसिक पार्क निर्माण योजना स्विकृत गरि उक्त आयोजना प्रस्ताव संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष पेश गर्ने निर्णय गरियो। साथै उक्त आयोजनाको लागि गाउँपालिकाबाट कुल लागतको ३०% लागत सहभागिता गाउँपालिकाको बजेटबाट बेहोरिने प्रतिबद्धता जनाइयो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ४ को कार्यालयको प. सं. २०७७/७८ च.नं. १५, मिति २०७७/०४/२८ को पत्रबाट, (उक्त वडा नं. ४ को वडा भेलाको निर्णय सहित ) वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ४ कागबेनीमा अवस्थित कागबेनी प्रहरी चौकिको नाममा कागबेनी स्थित पुर्वमा कालिगण्डकी करिडोर राजमार्ग, दक्षीण मोटरबाटो चोल दोक्पा काढाँ झाङ स्थल, पश्चिम डिल तथा कागबेनी खेत, उत्तर डाँडामा अवस्थित सरकारी जग्गा ५ (पाँच) रोपनी ४ किल्ला खुलाई कागबेनी प्रहरी चौकिलाइ उपलब्ध गराइदिन जिल्लास्थित स्थानिय जग्गा सिफारिस समितीलाइ मिति २०७७/०४/२८ मा अध्यक्षबाट पत्र समेत पठाइएकोमा सो विषय अनुमोदन गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गा.पा. वडा नं. ४ निवासी छेप्तेन गुरुङले कागबेनी अस्पताल निर्माण गर्नकालागि साविक कागबेनी गा.वि.स. वडा नं. ८ तथा हाल वारागुङ मुक्तिक्षेत्र गा.पा वडा नं. ४ स्थित कित्ता नं. ८(ग) ९९ को १-५-३-३ क्षेत्रफल रहेको जग्गा उपलब्ध गराउनु भएकोले उहाँलाइ धन्यबाद ज्ञापन गर्ने निर्णय गरीयो । साथै सोहि अस्पताललाई जग्गा उपलब्ध गराउने सम्बन्धमा वडा नं. ४ को वडा भेला तथा, वडा नं. ४ को कार्यालयको प.सं. २०७७/७८ च.नं. १७ मिति २०७७/०४/२८ को पत्रबाट सिफारिस भई आएको सरकारी कित्ता नं. १९५, १६० र १५८ को जग्गा कागबेनी अस्पतालको नाममा उपलब्ध गराउन जिल्लास्थित स्थानीय जग्गा सिफारिस समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघ सरकारको विशेष अनुदान अन्तर्गत विद्यालय भवन निर्माण योजना परेको वडा नं. ४ लुप्रा स्थित लुप्रा आधारभुत विद्यालय र सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा बाट नमुना विद्यालयमा छनोट भइ भवन निर्माण योजना परेको वडा नं. ३ स्थित जननर्मल आधारभुत विद्यालय

छुसाङ मा विद्यालयले उपलब्ध गराएको जग्गामा भवन निर्माण कार्य हुने गरी टेन्डर प्रकृया अघि बढाउने निर्णय गरीयो।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक दरबन्दी मिलान तथा ब्यबस्थापन कार्यविधि २०७६ अनुसार यस गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा कुल ४८ वटा प्रा.वी. दरबन्दी मध्य २१ कायम हुने र २७ पुलमा रहने त्यस्तै नि.मा.बि. तहमा कायम हुने दरबन्दी ६ र २ वटा दरबन्दी पुलबाट माथिल्लो तहमा गणनाहुने साथै माध्यामिक तहमा ६ वटा स्वीकृत दरबन्दी मध्य २ वटा पुलमा रहि ४ वटा कायमहुने भनि परिपत्र भएकोछ। यस गाउँपालिकाको भौगोलिक विकटता, बनावट तथा विषम हावापानिको कारण विद्यार्थि संख्या थोरै भएपनि सबै गाउँहरुमा विद्यालय राख्नु पर्ने बाध्यता रहेको तथा स्थानियले समेत विद्यालय निर्माण र सन्चालनमा विगत देखिनै जागरुकताका साथ लागि परेको अवस्थामा विद्यालयहरु तत्काल मर्ज गर्न सक्ने अवस्था नरहेकोले स्विकृत भएको ४८ वटा प्रा.वि.शिक्षक दरबन्दि बाट ३८ र माध्यमिक तहमा समेत विषयगत शिक्षक अनिवार्य हुने हुँदा ६ वटा स्वीकृत दरबन्दीबाट पुलमा रहने २ शिक्षक दरबन्दी पनि यस गाउँपालिकाका विद्यालयहरुमा कायम रहने व्यवस्था गरिदिनको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा कार्यपालिकाको बैठक मिति २०७७-०४-२५ ले बिद्यालयमा अध्यापन गराउने शिक्षकहरुले अनिवार्य पि.सि.आर. गरी आउने निर्णय भएको तर हालको अबस्थामा पि.सि.आर. गर्न असहज अबस्था रहेकोले उक्त निर्णयलाई बदर गरी अब बिद्यालयहरुमा अध्यापन गर्ने शिक्षकहरु आउँदा अनिवार्य रुपमा गाउँपालिकाले तोकेको क्वारेनटिनमा नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप १४ दिन बस्नुपर्ने निर्णय गरीयो।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा जडिबुटी तथा जीवजन्तु कर ( कृषि उपज कर, च्याङ्ग्रा, भेडा तथा चौरी निकासि कर) कोभिड- १९ को कारण टेन्डर मा जान नसकिएको हुँदा गत साल उठाउने जिम्मा पाएको व्यक्ति बाटै उठाउन दिने र सो ब्यक्तिले कर उठाएवापत गाउँपालिकालाइ रू. १५०००० (एक लाख पचास हजार) दिनुपर्ने निर्णय गरीयो। र सो कर उठाउने अधिकार मिति २०७८ असार मसान्त सम्म मात्र रहने निर्णय गरीयो।यस सम्बन्धमा कुनै दुविधा भएमा अर्को कार्यापलिकाको वैठकबाट सो को निर्णय गर्ने।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट ५ बेडको अस्थायी अस्पताल संचालन गर्न परिपत्र भएकोमा यस गाउँपालिकाले वडा नं. ४ स्थित कागबेनी स्वास्थ्य चौकिमा सो अस्पताल निर्माण गर्ने र सो अस्पतालको लागि आवस्यक जनशक्ति तत्काल व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकामा यदि कोभिड-१९ को कारण कसैको मृत्यु भएमा सो सब व्यवस्थापन गर्न प्रत्येक वडा कार्यालयमा छलफल गरी सम्बन्धित वडाले सब व्यवस्थापनको लागि ठाउँ सिफारीस गर्ने निर्णय गरीयो।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफलगर्दा यस गाउँपालिकाको क्वारेन्टिन तथा आइसोलेसन निर्माण गर्ने सम्बन्धमा गाउँपालिका अध्यक्षले सम्बन्धित स्थानियहरु सँग समन्वय गरी यथा सिघ्र क्वारेन्टिन तथा आइसोलेसन व्यवस्था गर्ने निर्णय गरीयो।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा नर्सिङ खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको नाममा काटिएको रु. ८४५,००० को चेक नं. १०५८४१९८४ को चेक हालसम्म पनि नसाटिएकोमा उक्त चेकको म्याद आजको मितिले एक महिना थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा वडा नं. ४ को कागबेनी खानेपानीको वडा नं ४ कोङ्कि स्थित मुहान , वडा नं. ३ ताङ्वे खानेपानीको ताङ्वे स्थित मुहान, वडा नं.२ झोङ खानेपानी मुहान, वडा नं. ५ शाङ्ता खानेपानी को वडा नं. ५ सुटाङ्बो स्थीत मुहान को कुनै विवाद नरहेको हुँदा उक्त खानेपानी आयोजनाको मुहान दर्ताको लागि खानेपानी जलस्रोत तथा सिंचाई विकांस सव डिभिजन कार्यालय मुस्ताङमा सिफारीस गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं. १३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्रका सबै घरमा उपलब्ध गराउने गरी २० लिटरको १००० थान टुटि सहितको बाल्टिन, १००० थान सावुन र प्रति ब्यक्ति १ थान मास्क यस गाउँपालिकाको प्रकोप ब्यबस्थापन कोष बाट खर्चबेहोर्ने गरी खरिद गरी बितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा असोजको दोस्रो हप्तासम्ममा सबै आयोजनाको उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो । एक गाउँमा परेका ५ लाख भन्दा कम लागत भएका योजनाहरु संयुक्त रुपमा सम्पादन गर्नको लागि एउटै उपभोक्ता समिति र छाप मार्फत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १५** प्रस्ताव नं. १५ माथि छलफल गर्दा प्राकृतिक विपदबाट क्षति भएका झोङ सिंचाई कुलो र खिंगा सिंचाई कुलो मर्मत खर्च प्राविधिक नापजाँच गरी सो को भुक्तानि दिने निर्णय गरीयो ।